बैठक संख्या : १२ स्थान : राप्ती न.पा. ७ नं. वडा कार्यालय (सभाहल)

मिती : २०७४।७।१४ गते समय : साझ ५:०० बजे

यस राप्ती नगरपालिका, नगर कार्यपालिकाको प्रमुख श्री प्रभा वराल (पौडेल) को अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसि निम्न प्रस्तावहरुमा छलफल गरियो ।

**उपस्थिति**

नगरप्रमुख श्री प्रभा वराल(पौडेल)

नगर उपप्रमुख श्री इमान सिंह लामा

वडाध्यक्ष वडा नं १ श्री सिद्धिलाल स्याङतान

वडाध्यक्ष वडा नं २ श्री श्याम सुन्दर उप्रेती

वडाध्यक्ष वडा नं ३ श्री राज कुमार उप्रेती

वडाध्यक्ष वडा नं ४ श्री शमसेर लामा

वडाध्यक्ष वडा नं ५ श्री मेनुका पाठक

वडाध्यक्ष वडा नं ६ श्री जल्लु महतो थारु

वडाध्यक्ष वडा नं ७ श्री सुमिता डल्लाकोटी

वडाध्यक्ष वडा नं ८ श्री वुद्धिराज थपलीया

वडाध्यक्ष वडा नं ९ श्री देवेन्द्र लामा

वडाध्यक्ष वडा नं १० श्री अमर बहादुर तामाङ

वडाध्यक्ष वडा न ं११ श्री हित बहादुर तामांङ

वडाध्यक्ष वडा नं १२ श्री अर्जुन प्रजा

वडाध्यक्ष वडा नं १३ श्री सूर्य बहादुर चेपाङ

सदस्य श्री पुष्पा के.सी. कुवर

सदस्य श्री दिल कुमारी लामा

सदस्य श्री कविता राई

सदस्य श्री रमिता परियार

सदस्य श्री श्यामलाल वि.क.

सदस्य श्री आइती देवी दराई

सदस्य श्री अम्विका लामा

सदस्य श्री पहलमान प्रजा

सदस्य सचिव : कार्यकारी अधिकृत श्री मिठाराम हुमागाई

लेखा अधिकृत : श्री मुक्ति प्रसाद चापागाई

कम्प्यूटर अपरेटर : श्री रमेश चौधरी

**प्रश्तावहरु :**

१. व्यक्तिगत घटना दर्ता प्रमाण राखी पठाउनु पर्ने कागजात सम्बन्धमा ।

२. २० वटा खानेपानी योजनाको प्राथामिकिकरण गरी पठाउने सम्बन्धमा ।

३. योजना संशोधन गर्ने सम्बन्धमा ।

४. एकिर्कत सम्पत्तिकर लगाउन जग्गाको मूल्याङ्कन कर निर्धारण सम्बन्धमा ।

५. नगर पार्श्वचित्र (Profile) तयार गर्न रकम थप गर्ने सम्बन्धमा ।

६. १७ गतेको क्षमता विकास तालिम सम्बन्धमा ।

७. खुद्रे, टुक्रे, भैपरी नामबाट वडामा विनियोजित बजेटको योजना सम्बन्धमा ।

८. जिपगाडी खरिद प्रक्रिया अघि बढाउन सम्बन्धमा ।

९. बाढीबाट क्षेती भएका योजना तथा कार्यक्रममा राहात स्वरुप रकम उपलब्ध गराउने सम्बन्धमा ।

१०. योजना सञ्चालनको भुक्तानी सम्बन्धमा ।

११. भण्डारा दुग्ध उत्पादक सहकारी र बलराम दुग्ध उत्पादक सरकारीको निवेदन सम्बन्धमा।

१२. ठुला पूर्वाधारको योजनाको ड्रोइङ डिजाइन र इष्टिमेट गर्ने सम्बन्धमा ।

१३. नगरपालिकामा रहेको व्याक हो लोडर सञ्चालनको प्राथामिकिकरण सम्बन्धमा ।

१४. पम्फा खोला तटबन्धन सम्बन्धमा ।

## निर्णय नं. १

प्रस्ताव नं. १ का सम्बन्धमा छलफल गर्दा जिल्ला प्रशासन कार्यालय चितवनको प.स. ०७४।०७५ च.नं. २२३० मिति २०७४।७।१ को पत्रबाट वडाबाट व्यक्तिगत घटना दर्ताको प्रमाण पत्र पठाउन पर्ने सम्बन्धमा द्वन्दको समयमा घटेको घटना कारण कागज पत्र नष्ट भएकोमा २०५८ साल पछिको अभिलेख जिल्ला समन्वय समितिबाट र २०५८ साल अघिको हकमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट अनुसूची प्राप्त गरी पठाउन पर्ने भन्ने व्यहोरा जानकारी भयो । यस व्यवस्थाबाट सेवाग्राहीहरुलाई अत्यन्त मर्का पर्ने देखिएकोले व्यक्तिगत घटना दर्ताको प्रमाण जुटाउने क्रममा आइपरेका समस्या समाधानको लागि जिल्ला समन्वय समितिलाई बाधा अड्काउ फुकाउन/समस्या समाधानका लागि आवश्यक पहल गर्न अनुरोध गरि पठाउने सर्वसम्मत निर्णय गरियो ।

## निर्णय नं. २

प्रस्ताव नं. २ को सम्बन्धमा जिल्ला समन्वय समितिको कार्यालय चितवनको प.सं. ०७४।०७५ च.नं. ४५७ मिति २०७४।६।३० को पत्रबाट २० वटा खानेपानी योजना सञ्चालन गर्न प्राथमिकरण गरी पठाई दिन लेखी आएकोले देहायको प्राथमिकता क्रम अनुसार देहायका खानेपानी योजना सञ्चालन गरी दिन जिल्ला समन्वय समितिमा पठाउने सर्वसम्मत निर्णय गरियो ।

| क सं. | खानेपानीको नाम | वडा | क्र सं. | खानेपानीको नाम | वडा |
|---|---|---|---|---|---|
| १ | स्यामाराङ खानेपानी | १३ | ११ | ग्रामिण शिरकोट खानेपानी | ७ |
| २ | द्रोङवाङ खानेपानी | १३ | १२ | शिखर बस्ती खानेपानी | ५ |
| ३ | फासराङ खानेपानी | १२ | १३ | भिमसेन ढाल डडुवा खानेपानी | ४ |
| ४ | दारती खानेपानी | १२ | १४ | धमिली मुडिबास खानेपानी | ३ |
| ५ | ठण्डापानी खानेपानी | ११ | १५ | मोडीबास खोनेपानी | ३ |
| ६ | आपपानी खानेपानी | ११ | १६ | चौकीडाडा खानेपानी | २ |
| ७ | चौघारा गोठडाडा खानेपानी | १० | १७ | नयाँबस्ती खानेपानी | १ |
| ८ | खिरटार दैत्य खानेपानी | १० | १८ | चारगैरी खानेपानी | १ |
| ९ | रानी कुसुम खानेपानी | ९ | १९ | भाटेखोला खानेपानी | २ |
| १० | अमृत खानेपानी | ७ | २० | रसौली खानेपानी | ९ |

## निर्णय नं. ३

प्रस्ताव नं. ३ को सम्बन्धमा छलफल गर्दा प्रथम नगर सभाबाट स्वीकृत भइ कार्यान्वयनको चरणमा रहेका योजनाहरु वडाको सिफारिस बमोजिम देहाय अनुसार गर्ने सर्व सम्मत निर्णय गरियो ।

| साविकको योजनाहरु | | | | संशोधन पछिका योजनाहरु | | | |
|---|---|---|---|---|---|---|---|
| क्र सं. | योजनाको नाम | वडा नं. | बजेट रकम | क्र सं. | योजनाको नाम | वडा नं. | बजेट रकम |
| १ | विपत व्यवस्थापन | ११ | २००००० | १ | थाकलटार काल्ले खोला हुदै चिसापानी जोड्नर् सडक | ११ | १५००००० |
| २ | कार्यालय व्यवस्थान | ११ | २००००० | | | | |
| ३ | बस्ती विकास | ११ | ४००००० | | | | |
| ४ | थाकलटार काल्ले खोला हुदै चिसापानी जोड्नर् सडक | ११ | ७००००० | | | | |
| ५ | भण्डारा मा वि विज्ञान प्रयोगशाला र लाइब्रेरी व्यवस्थापन | ६ | ५००००० | २ | भण्डारा उच्च मा.वि. भौतिक निर्माण | ६ | १२००००० |
| ६ | भण्डारा उच्च मा वि भान्छाघर निर्माण | ४ | १००००० | | | | |
| ७ | भण्डारा मा.वि. मा कृषि प्राविधिक शिक्षा संचालन कार्यक्रम | ६ | ६००००० | | | | |
| ८ | ब्रम्हानगर बेनु पौडेलको घर देखि पश्चिम खैरहनीको सिमाना डाडा गाउ सम्म र रमेश कडेलको घर देखि कालिका स्थान मन्दिर सम्म नाल सहित | ८ | १२००००० | ३ | बारिङ निर्माण २ स्थानमा | ८ | १२००००० |
| ९ | थारु भिलेज/चेपाङ भिलेज होमस्टे निर्माण | ६ १३ | १२००००० | ४ | राप्ती एकता सामुदायिक बनको फारलाइन बाटो निर्माण/ग्रेवल कार्य | ६ | ६००००० |
| | | | | ५ | कालिटार पूर्तिखोला कान्दा मोटर बाटो निर्माण थप | १३ | ६००००० |
| ११ | युवाहरुको लागि सिप मुलक कार्यक्रम ड्राइभर टेनिङ | १३ | ३००००० | ६ | युवाहरुको लागि सिप मुलक कार्यक्रम ड्राइभर टेनिङ | १३ | १००००० |
| | | | | ७ | चेपाङ मार्गमा मर्मत | १३ | २००००० |
| १२ | भोलेबाबा विद्यालय विद्यालय भवन निर्माण | २ | २५०००० | ८ | भोलेबाबा विद्यालय भौतिक निर्माण | २ | २५०००० |
| | कुल जम्मा | | ५६५०००० | | कुल जम्मा | | ५६५०००० |

## निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा विज्ञ समिति मार्फत प्राप्त एकिकृत सम्पत्तिकर सम्बन्धि प्रयोजनको लागि जग्गा र संरचनाको मूल्याङ्कन तथा करका दर तोक्न राजस्व परामर्श समितिबाट निर्णय भई आए बमोजिम गरी कार्यान्वयन गर्ने सर्व सम्मत निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा नगर प्रोफाइल तयार गर्न नगरसभाबाट १० लाख विनियोजन भएको तर १० हजार घरधुरी सर्वेक्षण समेत गरी कार्यान्वय गर्न करिब विस लाख लाग्ने भएकोले स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) को रु १०००००।, रु ५०००००। गत आ.व.मा संघीय संरचना पूर्वाधार कार्यक्रम तर्फ यसै कार्यका लागि छुट्याइएको रकम र नपुग रकम गत आ.व.को नगरपालिका. अनुदान शिर्षकमा बचत रकमबाट विनियोजन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

नगरको विकासलाई व्यवस्थित र योजनाबद्ध रुपमा सञ्चालन गर्न विज्ञहरुसँग अन्तरक्रियात्मक कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा मिति २०७४।७।१७ गते १० बजे विरेन्द्रनगरमा नगर सभाका सम्पूर्ण सदस्य र अन्य सरोकारवालाहरुलाई जानकारी दिन शहरी विकास विज्ञ श्री शुशिल ज्ञवाली र सरसफाइ सम्बन्धि विज्ञ श्री वि.के. महर्जनलाई आमन्त्रण गरी अन्तरक्रियात्मक कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा विभिन्न खुद्रे, टुक्रे, भैपरी आदि नामबाट योजना वा कार्यक्रम नखुलाई विनियोजन भएको बजेटबाट बढीमा ५ वटा योजना वा भौतिक पूर्वाधार तर्फ कम्तीमा ५००००। का योजनाको निर्णय गर्ने अधिकार वडा समितिलाई दिने र कार्यापालिकाको अर्को बैठकमा अनुमोदन गर्न पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ का सम्बन्धमा नगरसभाबाट विनियोजन बजेटको परिधि भित्र रही कार्यालय प्रयोजनको लागि अधिकतम ६० लाख सम्म लागत भएको $S^{10}$ Four wheele वा सो सरहको क्षमता र गुणस्तर भएको एउटा जिप र सरसफाई प्रयोजनको लागि टेलर र हाइड्रोलिक जडान भएको ७४५ वा सो सरहको गुणस्तर र क्षमता भएको अधिकतम मूल्य १६ लाख लागत भएको टेक्टर थान-१ खरिद गर्न प्रक्रिया अघि वढाउने सर्व सम्मत निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रस्तावन नं. ९ को सम्बन्धमा मिति २०७४।४।२८ गते परेको अविरल वर्षादबाट आएको भिषण बाढीका कारण क्षती भएका विभिन्न कुलो बाटो आदिमा उपभोक्ता समिति मार्फत तत्काल मर्मत सम्भार गरेको र सो क्षती कहा कुन स्थान कति भएको छ भन्ने सम्बन्धमा उपप्रमुख श्री इमान सिंह लामाको संयोजकत्वमा वडा अध्यक्ष श्री मेनुका पाठक र वडा अध्यक्ष श्री सिद्धिलाल स्याङतान रहेको अनुगमन समितिबाट त्यस्ता निर्मित वा मर्मत गरिएका स्थानको लागि राहात स्वरुप रकम उपलब्ध गराउन सिफारिस भई आएका निम्न योजनामा देहाय भन्दा कम लागतको काम भएको भए सोही बमोजिम निम्न रकम भन्दा जतिसुकै बढीको काम भएको भए सोही बमोजिम उपभोक्ता समितिबाट विल भरपाई तथा अन्य कागजात प्राप्त गरी भुक्तानी दिने र क्षती भएका देहायका मध्य कुनै योजना सञ्चालन हुन बाँकी भएको भए नियमानुसार सम्झौता गरी कार्य सञ्चालन गर्ने सर्व सम्मत निर्णय गरियो । बजेटको हकमा सकभर वडामा विनियोजित रकम शिर्षकबाट गर्ने सो सम्भव नभएमा नगरपालिकाको विपत व्यवस्थापन शीर्षकबाट खर्च गर्ने सर्व सम्मत निर्णय गरियो ।

| २०७४।४।२८।२९ को बाढीबाट पूर्ण रुपमा क्षेती कुलोहरु | | | | |
|---|---|---|---|---|
| सि.नं. | योजनाको नाम | वडा नं. | भुक्तानी दिने रकम | कैफियत |
| १ | नयाँबस्ती कुलो | १ | ५०००० | |
| २ | राप्ती लोथर जल उपभोक्ता समुह | १ | ५०००० | |
| ३ | महादेव कुलो | १ | ५०००० | |
| ४ | बगर कुलो | २ | ५०००० | |
| ५ | ढाट खोला बस्ती मर्मत | २ | ५०००० | |
| ६ | प्रतापपुर कुलो | ३ | ४०००० | |
| ७ | सिसाबाँस कुलो मर्मत | ३ | ५०००० | |
| ८ | बगर कुलो | ४ | ५०००० | |
| ९ | रामपुर टाँडी कुलो | ५ | ५०००० | |
| १० | मुडाभार कुलो | ६ | १४०००० | |
| ११ | सिम्नेघारी कुलो | ६ | १००००० | |
| १२ | जुवाखोला | ६ | ११०००० | |
| १३ | दैत्य कुलो | ७ | २००००० | |
| १४ | घडेरी डाँडा पहिरो निर्माण | ७ | ५०००० | |
| १५ | ब्रम्हानगर सुख-१ | ८ | ५०००० | |
| १६ | ब्रम्हानगर सुख-२ | ८ | ५०००० | |
| १७ | चिप्लेटी कुलो | ८ | ५०००० | |
| १८ | पाखेबास कुलो | ८ | ५०००० | |
| १९ | बुढी कुलो रसौली | ९ | ८०००० | |
| २० | जरुवा कुलो रसौली | ९ | ४०००० | |
| २१ | च्यात्रा कुलो वान ग्रुप | ९ | १००००० | |
| २२ | दुधकोसी कुलो | ९ | १००००० | |
| २३ | जामुने दुधकोसी कुलो | ९ | ६०००० | |
| २४ | किरणटार कुलो | १० | १००००० | |
| २५ | ओनेवाङ बाटो मर्मत | ११ | १००००० | |
| २६ | केउरानी थाकलटार जोड्ने सडक मर्मत | ११ | १००००० | |
| २७ | कुलो निर्माण | १२ | ५०००० | |
| २८ | कुलो निर्माण | १३ | ५०००० | |
| | कुल जम्मा | | २०२०००० | |

**निर्णय नं. १०**

योजनाको भुक्तानी सम्बन्धमा छलफल हुँदा चालु आ.व.मा बजेटको व्यवस्था भएको र सञ्चालन भई सम्पन्न भएका तर विभिन्न कारणले भुक्तानी हुन नसकेका योजना तथा कार्यक्रमहरुको विल भरपाई सहित मिति २०७४।७।१६ गते कार्यालय भित्र नगरपालिकामा पठाउने त्यस्ता योजना तथा कार्यक्रमको यो एक पटकको लागि मात्र कार्यालयले प्रक्रिया पुऱ्याई भुक्तानी गर्ने सो पछि सम्झौता नभएका योजना तथा कार्यक्रमको भुक्तानी गर्ने कार्यालय बाध्य नहुने निर्णय गरियो ।

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस नगरपालिकाको पशुपन्छी विकास शाखाको कार्यक्रममा समावेश भएको पशुपक्षी बजार प्रवर्द्धन कार्यक्रममा वियोजित रु २० लाखबाट देहाय बमोजिम गर्ने सर्व सम्मत निर्णय गरियो ।

क) भण्डारा दुग्ध उत्पादक सहकारी संस्था लिलाइ दुध ढुवानी साधन खरिद गर्न रु १५०००००। (पन्ध्र लाख) उपलब्ध गराउने ।

ख) बलराम दुग्ध उत्पादक सरकारी संस्थाको लागि दुध चिस्याउने उपकरण Milk analizer खरिदको लागि रु ५०००००। (पाच लाख) उपलब्ध गराउने ।

**निर्णय नं. १२**

प्रस्ताव नं. १२ माथि छलफल गर्दा नगरपालिकाले चालु आ.व. विभिन्न संरचनाको योजना विस्तुत प्रतिवेदन DPR तथा संरचनाको ड्रविङ डिजाइन र इष्टिमेट गर्न कार्य कन्सल्टेन्सी मार्फत शीघ्र शुर गर्ने सर्व सम्मत निर्णय गरियो ।

**निर्णय नं. १३**

प्रस्ताव नं. १३ माथि छलफल गर्दा नगरपालिकाको योजनामा सकभर नगरपालिकाको व्याक हो लोडर प्रयोग गर्न सम्पूर्ण उपभोक्ता समितिहरुलाई जानकारी गराइ सोही बमोजिम कार्यान्वयन गराउने सर्व सम्मत निर्णय गरियो ।

**निर्णय नं. १४**

प्रस्ताव नं. १४ माथि छलफल हुँदा पम्फा खोला तटबन्धन गर्न नगरका गौरवका फुटकर योजनाबाट रु ५०००००। पाच लाख विनियोजन गर्ने सर्व सम्मत निर्णय गरियो ।